# सर्वोच्च अदालतको आर्थिक वर्ष २०७६।०७७ को वार्षिक प्रतिवेदन सम्बन्धी प्रेस विज्ञप्ती

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतको प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरुप सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन मिति २०७७।११।२६ मा प्रस्तुत गर्नुभयो। प्रस्तुत प्रतिवेदनमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत तथा अन्य अदालत तथा न्यायाधिकरणबाट भएका न्याय सम्पादन सम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक समस्या, चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदनको सारसंक्षेप यसप्रकार छ।

### १. मुद्दा फछ्र्यौटतर्फ

### १.१ देशभरीको समग्र स्थिति

सर्वोच्च अदालत लगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **१,०६,२६६ (एक लाख छ हजार दुई सय छैसठ्ठी)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **२,११,२५४ (दुई लाख एघार हजार दुई सय चौवन्न)** गरी जम्मा मुद्दाको वार्षिक लगत **३,१७,५२० (तीन लाख सत्र हजार पाँच सय वीस)** कायम भएकोमा सोमध्ये **१,९४,५३७ (एक लाख चौरानब्बे हजार पाँच सय सैंतीस)** अर्थात् ६१.२७ **प्रतिशत** मुद्दा फछ्र्यौट भई १,२२,९८३ **(एक लाख बाइस हजार नौ सय त्रियासी)** मुद्दा बाँकी रहेको देखिन्छ। अघिल्लो आर्थिक वर्षमा **३,७१,०३० (तीन लाख एकहत्तर हजार तीस)** मुद्दाको वार्षिक लगत कायम भई सोको ७१.४७ **प्रतिशत** अर्थात् २,६५,१९२ **(दुई लाख पैसठ्ठी हजार एक सय बयानब्बे)** मुद्दा फछ्र्यौट भएको थियो । **कोभिड-१९ को प्रभाव न्यायालयको कार्य सम्पादनमा समेत पर्न गएकाले गत वर्षको तुलनामा प्रतिशतका हिसावले करिव १० प्रतिशतले घटी फछ्र्यौट भएको देखिन्छ।**

### १.२ सर्वोच्च अदालत

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **२४,१८० (चौबीस हजार एक सय असी)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **११,८०१ (एघार हजार आठ सय एक)** गरी जम्मा मुद्दाको लगत **३५,९८१ (पैंतीस हजार नौ सय एकासी)** कायम भएकोमा सोमध्ये **११,२२५ (एघार हजार दुई सय पच्चीस)** अर्थात् **३१.२० प्रतिशत** मुद्दा फछ्र्यौट भई **२४७५६ (चौबीस हजार सात सय छपन्न)** मुद्दा बाँकी रहन गएको छ। सर्वोच्च अदालतमा गत आर्थिक वर्षको फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा संख्यात्मक रुपले ४८३ थान अर्थात् **४.५० प्रतिशतले** मुद्दा फछ्र्यौट बढेको छ।

### १.३ उच्च अदालत

उच्च अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १५,५८२ **(पन्ध्र हजार पाँच सय बयासी)** थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **३९,९७८ (उनन्चालीस हजार नौ सय अठहत्तर)**

गरी मुद्दाको जम्मा लगत ५५,५६० **(पचपन्न हजार पाँच सय साठी)** कायम भएकोमा **३५,५६२ (पैंतीस हजार पाँच सय बैसठ्ठी)** मुद्दा अर्थात् ६४.०१ प्रतिशत फछ्र्यौट भई **१९९९८ (उन्नाइस हजार नौ सय अन्ठानब्बे)** मुद्दा बाँकी रहन गएको छ ।

**१.४ जिल्ला अदालत**

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **६४,७०५ (चौसठ्ठी हजार सात सय पाँच)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,५८,०३४ **(एक लाख अन्ठाउन्न हजार चौंतीस)** गरी मुद्दाको जम्मा लगत **२,२२,७३९ (दुई लाख बाइस हजार सात सय उन्चालीस)** कायम भएकोमा १,४६,७१८ **(एक लाख छयालीस हजार सात सय अठार)** मुद्दा अर्थात् **६५.८७ प्रतिशत** फछ्र्यौट भई ७६,०२१ **(छयत्तर हजार एक्काइस)** मुद्दा बाँकी रहन गएको छ।

**१.५ अन्य अदालत तथा न्यायाधिकरणहरू**

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **१,७९९ (एक हजार सात सय उनान्सय)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,४४१ **(एक हजार चार सय एकचालीस)** गरी मुद्दाको जम्मा लगत ३,२४० **(तीन हजार दुई सय चालीस)** कायम भएकोमा **१,०३२ (एक हजार बत्तीस)** मुद्दा अर्थात् ३१.८५ **प्रतिशत** फछ्र्यौट भई **२,२०८ (दुई हजार दुई सय आठ)** मुद्दा बाँकी रहन गएको छ।

**२. फैसला कार्यान्वयनतर्फ**

**२.१ कैदतर्फ**

यस आर्थिक वर्षमा कैदतर्फ १,४४,६०६।०।१२ **(एक लाख चवालीस हजार छ सय छ वर्ष बाह्र दिन)** रहेकोमा सोमध्ये ३८,४०१।७।११ **(अठ्तीस हजार चार सय एक वर्ष सात महिना एघार दिन)** अर्थात् २६.५५ प्रतिशत कैद असुल भई १,०६,२०४।५।१ **(एक लाख छ हजार दुई सय चार वर्ष पाँच महिना एक दिन)** कैद असुल हुन बाँकी रहेको देखिन्छ।

**२.२ जरिवानातर्फ**

यस आर्थिक वर्ष सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कूल लगत रू.१६,९९,१९,३२,९९७.२६ **(सोह्र अरब उनान्सय करोड उन्नाइस लाख बत्तीस हजार नौ सय सन्तानब्बे रुपैंया छब्बीस पैंसा)** रहेकोमा सोमध्ये रू.२,५१,४६,३६,०९४.३९ **(दुई अरब एकाउन्न करोड छयालीस लाख छत्तीस हजार चौरानब्बे रुपैंया अठ्तीस पैसा)** अर्थात् **१४.८० प्रतिशत** असुल भई रू.१४,४७,७२,९६,९०२.८८ **(चौध अरब सठ्चालीस करोड बहत्तर लाख छयानब्बे हजार नौ सय दुई रुपैंया अठासी पैसा)** असुल हुन बाँकी रहेको देखिन्छ।

**२.३ फैसला कार्यान्वयनका निवेदनतर्फ**

यस आर्थिक वर्षमा फैसला कार्यान्वयनका लागि जिल्ला अदालतहरूमा परेका निवेदनहरुको जम्मा लगत **२८,१२६** रहेकोमा सो मध्ये **१०५६०** अर्थात् **३७.५५** प्रतिशत फछ्र्यौट भई **१७५६६** बाँकी रहेको देखिन्छ।

## ३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा ७ वटा उच्च अदालत एवम् इजलासहरूको भौतिक रूपमै निरीक्षण सुपरिवेक्षणको कार्य सम्पन्न भएको थियो भने कोभिड-१९ को प्रभावका कारण बाँकी ११ वटा उच्च अदालत एवम् इजलासहरूको भिडिओ कन्फ्रेन्समार्फत निरीक्षण एवम् सुपरिवेक्षणको कार्य सम्पन्न भएको थियो।

## ४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको नियमितरूपमा प्रकाशन गर्नुका अतिरिक्त सर्वोच्च अदालतका महत्वपूर्ण फैसलाहरू वेबसाइटमा समेत राख्ने गरिएको छ। २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेबसाइटमा राखिएको छ ।

## ५. अभिलेख

मिसिल कागजातको स्क्यान गरी सफ्टवेयरमा अपलोड गर्ने कार्य प्रारम्भ गरिएको छ।

## न्यायपालिकामा विद्यमान समस्या तथा चुनौती र समाधानका उपायहरू

## १. न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई संविधानको आधारभूत संरचनाको रूपमा स्थापित गरेको छ। संविधानको धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायमा रहने व्यवस्था गरेको छ। मुलुकको न्याय प्रशासनलाई प्रभावकारी, उत्तरदायी र नतिजामूलक बनाउन संविधानको धारा १३६ मा समग्र न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने संवैधानिक व्यवस्था गरिएको छ। संविधानले सुम्पेको यो जिम्मेवारी स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा सम्पादन गर्न जनशक्ति, वित्तीय एवं भौतिक पूर्वाधार व्यवस्थापनमा न्यायपालिका स्वतन्त्र र स्वायत्त हुनु आवश्यक हुन्छ। स्रोत साधनको प्राप्ति र परिचालनमा सरकार र सरकारका अन्य निकायहरूप्रति रहने निर्भरताले स्वायत्तताको अन्त्य गर्दछ। स्वायत्तताको अभावमा न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र प्रभावकारीता जीवन्त हुन सक्दैन।

संविधान र कानूनप्रति उत्तरदायी भई निर्भीकताका साथ कार्यसम्पादन गर्नुपर्ने न्यायपालिका आफूलाई चाहिने स्रोत साधनको लागि अन्य निकाय वा संस्थाप्रति निर्भर रहनुपर्दा संविधानले तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नमा प्रत्यक्ष वा परोक्ष रूपमा अवरोध सिर्जना हुन पुग्दछ। न्यायपालिकाको स्वतन्त्रता र स्वायत्ततालाई सुनिश्चित गर्ने सन्दर्भमा विगतदेखि हालसम्म गरिएका विभिन्न अध्ययन प्रतिवेदन तथा न्यायपालिकाको सुधारका लागि गठित उच्चस्तरीय आयोगहरूको सिफारिस एवम्

न्यायपालिकाले तर्जुमा गरेका आवधिक योजनाहरूले स्रोत साधनको प्राप्ति र परिचालनमा न्यायपालिका पूर्णरूपमा स्वतन्त्र र स्वायत्त हुनुपर्ने सुझावहरू अगाडि सारेका छन्। समय समयमा हुने गरेको वार्षिक समीक्षा तथा राष्ट्रियस्तरका सम्मेलनहरूले पनि यो विषयलाई महत्त्वका साथ उठाएका छन्। न्यायपालिकाको योजनाबद्ध सुधारका लागि हालसम्म कार्यान्वयनमा आएका सबै रणनीतिक योजनाले न्यायपालिकाको समग्र वस्तुस्थितिको विश्लेषण गर्दै स्रोत साधन प्राप्ति र परिचालनको स्वायत्तताका सम्बन्धमा आफ्नो चासो र सरोकार व्यक्त गर्दै आएका छन्। न्यायपालिकाको लागि आवश्यक स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त हुनु स्वतन्त्र न्यायपालिकासम्बन्धी मान्यताको अन्तरनिहित विषय भएको सन्दर्भ उल्लेख गर्दागर्दै पनि यसको सम्बोधन हुन सकिरहेको छैन।

अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिसहितको संलग्नतामा बनाइएको न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनका लागि पनि पर्याप्त बजेट उपलब्ध नगराइनु अत्यन्त चिन्ताको विषय रहेको छ। रणनीतिक योजनाले आर्थिक वर्ष २०७६/०७७ का लागि १४ अरब ४६ करोड बजेट प्रक्षेपण गरेकोमा न्यायपालिकाको लागि बजेट विनियोजन हुँदा अदालतहरूको प्रशासनिक खर्चसहित जम्मा ६ अरब २० करोड रकम छुट्टाइएको अवस्था थियो। यसैगरी आर्थिक वर्ष २०७७/०७८ का लागि रु. ९ अरब १३ करोड ५ लाख ७३ हजार बराबरको कार्यक्रम बजेट प्रक्षेपण गरिएकोमा न्यायपालिकाको प्रशासनिकलगायत समग्र खर्चको लागि ६ अरब ६९ करोड ६२ लाख मात्र रकम विनियोजन भएको अवस्था छ।

संविधानले न्यायपालिकाको लागि तोकेको संवैधानिक जिम्मेवारी निर्वाहका लागि वस्तुस्थितिसमेतको विश्लेषण गरी निर्धारित रणनीतिक कार्यक्रम सञ्चालन गर्न प्रक्षेपण गरिएको बजेटलगायतको स्रोत साधन उपलब्ध नभएको कारण न्यायिक सुधार प्रक्रिया प्रभावित हुन गई अपेक्षित रूपमा उपलब्धिहरू हासिल हुन नसक्ने अवस्था सिर्जना भएको छ। यसरी न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधन प्राप्तिको विषय पूर्ण रूपमा कार्यपालिकामा निर्भर राख्ने तथा उपलब्ध स्रोत साधनको परिचालनमा स्वायत्ततासमेत प्रदान नगर्ने विषयप्रति न्यायपालिकाको गम्भीर सरोकार रहेको छ।

**२. कार्यबोझ सम्बन्धमा**

न्यायपालिकामा मुद्दा दर्ता हुने क्रम बढदो अवस्थामा रहेको देखिन्छ। विगत १० वर्षको कार्यबोझ तुलना गर्दा आर्थिक वर्ष २०६७/०६८ मा मुद्दा, रिट निवेदन र प्रतिवेदन समेतको समग्र लगत १,३१,९२७ रहेकोमा आर्थिक वर्ष २०७६/०७७ मा ३,१७,५२० वार्षिक लगत कायम हुन आएको छ। यस अवधिमा समग्र लगत १४०.६७ प्रतिशतले वृद्धि भएको देखिन्छ। सर्वोच्च अदालतको मात्र कार्यबोझ हेर्दा १० वर्षको अवधिमा १०१.१० प्रतिशतले वृद्धि भएको देखिन्छ। अदालतको कार्यबोझ वृद्धि भएका कारण पुराना मुद्दाको सङ्ख्या बढ्दै गई शीघ्र र सहज न्याय प्राप्तिमा नै समस्या सिर्जना

भएको देखिन्छ। अदालतको कार्यबोझ, कार्यप्रकृति र कार्यसमयलाई मध्यनजर गरी नेपाल सरकारले विगत लामो समयदेखि अतिरिक्त समय काम गरेबापतको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको थियो। सोहीबमोजिम दैनिक २ घण्टा अतिरिक्त समय काम गर्ने गरी कार्ययोजनासहित अदालतहरूमा कार्यसम्पादन हुँदै आएको थियो। विश्वभर देखिएको कोभिड-१९ को प्रभाव वि.सं. २०७६ चैत्रदेखि अदालतहरूमा पनि परेको र सो कारण नियमित रूपमा काम गर्ने वातावरणसमेत नभएको कारण २०७६ चैत्रपछिका कामकारबाहीमा सुस्तता आएको हुँदा आर्थिक वर्ष २०७५/०७६ मा २ वर्ष नाघेका पुराना मुद्दाहरूको कूल लगत १२८२९ को सङ्ख्यामा रहेकोमा प्रतिवेदन वर्षमा १७,२५९ हुन पुगेको देखिन्छ।

अदालतहरूमा जिम्मेवारी सरेका र नयाँ दर्ता हुने अनुमानित मुद्दासमेतका आधारमा कार्यबोझको विश्लेषण गर्दा उच्च अदालत र जिल्ला अदालतहरूमा कार्यबोझको अवस्था सर्वोच्च अदालतको तुलनामा व्यवस्थापन गर्न सहज हुने किसिमको देखिन्छ भने सर्वोच्च अदालतमा प्रति इजलास फछ्र्यौट गर्नुपर्ने मुद्दा सङ्ख्या १,९२८ थान रहन गएकोले कार्यबोझ व्यवस्थापनको लागि चुनौती रहेको देखिन्छ। यस चुनौतीको सम्बोधन गर्नको लागि सर्वोच्च अदालतको क्षेत्राधिकार, न्यायाधीशको विद्यमान सङ्ख्यालगायतका संवैधानिक एवम् कानूनी व्यवस्थाहरूमा आवश्यक परिमार्जन गरी सम्बोधन गर्नुपर्ने अवस्था रहन्छ। संविधानको परिकल्पना अनुसार सर्वोच्च अदालतले संवैधानिक भूमिकाको निर्वहन र विधिशास्त्रको विकासमार्फत मुलुकमा सुशासन एवं कानूनी शासनको व्यावहारिक कार्यान्वयन गर्न विद्यमान कार्यबोझमा उपयुक्त सन्तुलन ल्याउन आवश्यक छ।

## ३. फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि

नेपालको संविधानको धारा १२६ बमोजिम मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। तथापि, अदालतबाट जारी भएका कतिपय आदेश वा निर्णयहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन्। फैसला कार्यान्वयनको प्राथमिक जिम्मेवारी कार्यपालिका वा कार्यपालिका अन्तर्गतका निकायले लिनुपर्नेमा सो हुन नसकी अदालतले नै सो जिम्मेवारी पनि निर्वाह गर्दै आएको छ। अदालतका आदेश वा निर्णयको पालना गरिनु कानूनको शासनसम्बन्धी अवधारणाको आधारभूत मान्यता हो। फैसलाको अक्षर र भावनाको सम्मान गर्दै त्यसको पूर्ण कार्यान्वयन गरिनुपर्छ। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ, विधिको शासन धरमराउँछ भने न्यायपालिकाप्रतिको आस्था एवम् विश्वासमा आँच पुग्न सक्दछ।

फैसला कार्यान्वयनको विषय अदालतको एक्लो प्रयासबाट मात्र सम्भव हुन सक्ने विषय होइन। यसका लागि सम्बन्धित सबै सरोकारवाला पक्षहरूको सहकार्य र सहयोगको जरुरी पर्दछ। न्यायपालिकाको रणनीतिक योजनाले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन फैसला कार्यान्वयनको विशेष

अभियानलगायतका विभिन्न रणनीतिहरू अख्तियार गरेको भए तापनि सरोकारवाला निकायहरूको समन्वयात्मक भावनाको कमीका कारण फैसला कार्यान्वयनमा आशातीत सफलता हासिल हुन सकेको छैन।

फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन जिल्ला अदालतमा न्यायिक प्रहरीको व्यवस्था हुन सकेको छैन। अदालतको फैसलाबाट कैद तथा दण्ड जरिवानाको सजाय भई असुली हुन बाँकी रहेका व्यक्तिहरूलाई राज्यबाट प्राप्त हुने सेवा सुविधा प्रदान गर्दा सो दण्ड जरिवाना असुल गर्ने नीति लिन सकिएको छैन। दण्ड जरिवाना असुलीको जिम्मेवारी सङ्घीय/प्रदेश/स्थानीय सरकार/प्रहरी कसको जिम्मामा दिँदा प्रभावकारी हुन सक्छ वा अन्य स्वायत्त निकाय स्थापना गरी जिम्मा दिँदा उपयुक्त हुन्छ भन्ने सम्बन्धमा अध्ययन हुन जरुरी देखिएको छ।

## ४. फरक मुद्दा व्यवस्थापन (DCM) पद्धतिको कार्यान्वयन

न्याय प्रणालीलाई अनुमानयोग्य बनाई जनताको न्यायमा पहुँचको सुनिश्चितता गर्नको लागि २०७७ साउनदेखि सबै जिल्ला अदालतहरूमा तथा भाद्रदेखि सबै उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयनमा आएको छ। फरक मुद्दा व्यवस्थापन पद्धति सफ्टवेयरमार्फत सञ्चालन हुने स्वचालित पद्धति भएकाले यसको लागि प्रतिवेदन वर्षमा सफ्टवेयर निर्माण, प्रयोगसम्बन्धी दिग्दर्शन निर्माण एवं जनशक्तिलाई प्रशिक्षण दिनेलगायतका नीतिगत एवं व्यवस्थापकीय कार्यहरू सम्पन्न गरिएको थियो। मातहत अदालतहरूको अभ्यासपश्चात् आर्थिक वर्ष २०८०/८१ सालदेखि सर्वोच्च अदालतमा समेत फरक मुद्दा व्यवस्थापन पद्धति लागू गर्ने लक्ष्य रहेकोले सोको लागि गर्नुपर्ने पूर्व तयारीका कार्यहरूमा निरन्तर जुट्नुपर्ने देखिन्छ। सर्वोच्च अदालतमा पुराना मुद्दाको चाप अत्यधिक रहेको र फरक मुद्दा व्यवस्थापन पद्धति लागू हुनु अगावै पुराना मुद्दाहरूको फछ्र्यौट गरिसक्नुपर्ने भएकोले रणनीतिक योजनाले निर्धारण गरेका रणनीतिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। फरक मुद्दा व्यवस्थापन पद्धतिको सफल कार्यान्वयनबाट अनुमानयोग्य न्याय प्रणालीको विकास भई न्यायालयप्रति सेवाग्राहीहरूको आस्था एवम् विश्वासमा अभिवृद्धि भई कानूनको शासनप्रति सबै प्रतिबद्ध हुन जाने हुँदा फरक मुद्दा व्यवस्थापन पद्धतिको सफल कार्यान्वयनका लागि सरोकारवाला निकाय एवम् संस्थाहरूको थप समन्वय र सहकार्य आवश्यक छ।

## ५. क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता

नेपालको संविधानले पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय सुनिश्चित गरेको भए पनि पीडितहरूले यस व्यवस्थाको पूर्ण उपयोग गर्न नसकेको तथा अदालतहरूबाट समेत क्षतिपूर्ति भराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। साबिकमा अन्तरिम राहत वा क्षतिपूर्तिसम्बन्धी विवरण राख्ने नगरिएकोमा प्रतिवेदन वर्षबाट यससम्बन्धी विवरण पनि राख्न सुरुवात गरिएको छ। तथापि,

अझै पनि पर्याप्त तथ्याङ्क राख्न तथा क्षतिपूर्ति भराउन थप प्रभावकारी कदम चाल्नु आवश्यक देखिएको छ। प्राप्त भएका तथ्याङ्क अनुसार जिल्ला अदालतहरूमा रहेको कूल क्षतिपूर्तिको लगत हेर्दा ११ करोड १७ लाख ९५ हजार २१३ रुपियाँ रहेकोमा प्रतिवेदन वर्षमा १ करोड ९० लाख १८ हजार १८ रुपियाँ फछ्र्यौट भई ९ करोड २७ लाख ७७ हजार १९५ रुपैयाँ भराउन बाँकी रहेको देखिन्छ। ऐनको व्यवस्थाबमोजिमको पीडित राहत कोष स्थापना नभइरहेको अवस्थामा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा आदेश जारी भएअनुसार हालै नेपाल सरकारले फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ जारी गरी पीडित राहत कोषको स्थापना गरेको छ। उक्त कोषको प्रभावकारीताको लागि कोषमा नेपाल सरकारबाट पर्याप्त रकमको उपलब्धतालगायत सबै जिम्मेवार निकायहरूको सहयोग प्राप्त हुने कुराको अपेक्षा गरिएको छ ।

**६. न्यायमा पहुँच अभिवृद्धि**

न्यायमा सहज पहुँच अभिवृद्धि गर्न न्यायपालिकाले असमर्थ पक्षका लागि वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप सुदृढीकरण गर्ने, कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री बनाउने तथा तत्काल सम्पन्न गर्न सकिने प्रकृतिका सेवाहरू सेवाग्राहीलाई एक घण्टाभित्र प्रदान गर्ने जस्ता व्यवस्थापकीय सुधारका कार्यहरू सञ्चालन गर्दै आएको छ। आर्थिक, सामाजिक, सांस्कृतिक रूपले पछाडि परेका वर्गको न्यायमा पहुँच बढाउन त्यस्ता पक्षहरूको मुद्दासम्बन्धी कागजातहरूको नक्कल पनि निःशुल्क रूपमा उपलब्ध गराउनको लागि थप स्रोत साधनको व्यवस्था हुन पर्ने देखिन्छ। सबै वर्ग र समुदायका व्यक्तिहरूको न्याय प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न सम्बद्ध विभिन्न निकायहरूको प्रतिनिधित्वसहित सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको गठन गरिएको छ। आयोगले आफ्नो कार्य प्रभावकारी ढङ्गले सम्पादन गर्न आवश्यक स्रोत साधनको पहिचानसहित वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। सोका साथै आयोगले विभिन्न वर्गका व्यक्तिहरूलाई लक्षित गरी उनीहरूको हक अधिकारको संरक्षणमा टेवा पुग्ने हिसाबले विषयगत अधिकारहरू उल्लेख गरिएको ब्रोसरहरू, दृष्टिविहीन नागरिकहरूको हक अधिकार संरक्षण गर्ने उद्देश्य साथ ब्रेललिपिमा पनि सन्दर्भ सामग्रीहरू प्रकाशन एवम् वितरण, विभिन्न वर्ग र समुदायलाई लक्षित गरी न्यायमा पहुँच अभिवृद्धि गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। न्यायमा पहुँचका अवरोधहरूको पहिचान गर्ने गरी भएको अध्ययनले औँल्याएका अवरोधहरू हटाउन सबैको समन्वयात्मक प्रयास आवश्यक देखिएको छ। न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना कार्यान्वयन गर्न आवश्यक सहयोग गरी सबैका लागि न्यायमा पहुँच सुनिश्चित गराउनुपर्ने आधारभूत दायित्व राज्यका सम्बन्धित निकायबाट निर्वाह हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

**७. न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन**

विगतका तीनवटा पञ्चवर्षीय रणनीतिक योजनाको उपलब्धीको जगमा रहेर न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गरिएको छ। उक्त योजनाले समेटेका पाँचवटा

लक्ष्यहरुः छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पँहुच अभिवृद्धि, न्यायिक सुशासनको प्रवर्धन, अदालत व्यवस्थापनको सुदृढीकरण र न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि गर्नेलगायतका विषयहरूलाई केन्द्रमा राखेर न्यायपालिकाले आफ्नो काम कारवाहीहरु अगाडी बढाएको छ। चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको पहिलो वर्ष अर्थात् प्रतिवेदन वर्षको फागुन मसान्तसम्म सबै अदालतहरूको कार्यप्रगति उत्साहजनक भएकोमा कोभिड-१९ को प्रभावको कारणले पछिल्लो अवधिमा फछ्र्यौटमा केही कमी आएको देखिन्छ।

विगतदेखिको निरन्तरको प्रयास स्वरूप न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रमहरू राष्ट्रिय योजनामा समावेश भएको भए पनि योजनाले लक्ष्य निर्धारण गरे अनुसारको कार्यक्रमहरू सञ्चालन गर्नको लागि पर्याप्त बजेट उपलब्ध हुन सकेको छैन। न्यायपालिकालाई छुट्याइने बजेट सिलिङ निर्धारण गर्दा न्यायपालिकासँग पर्याप्त समन्वय हुने गरेको छैन। पूर्वानुमानयोग्य बजेटको अभावमा योजनामा निर्धारित क्रियाकलापहरूको प्राथमिकीकरण र समग्र योजना प्रक्रियाले अपेक्षित गति लिन नसकेकोले निर्धारित लक्ष्य अनुरूपको उपलब्धि हासिल हुन सकेको छैन। नेपाल सरकारबाट न्यायपालिकाको रणनीतिक योजनालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गरी उक्त योजनाले प्रक्षेपण गरेको बजेटलगायत स्रोत साधन व्यवस्थापनमा आवश्यक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

## ८. क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन

संविधानले विधायिकी कानूनको संवैधानिकताको परीक्षण, सङ्घ र प्रदेश एवं प्रदेश र प्रदेशलगायत स्थानीय तहको अधिकारक्षेत्रसम्बन्धी विवाद एवं सङ्घीय संसद्को र प्रदेश सभाको निर्वाचनसम्बन्धी विवादको निरूपण गर्ने जिम्मेवारीसहित सर्वोच्च अदालतभित्रै संवैधानिक इजलासको व्यवस्था गरेको छ। यसका साथै नागरिकका हक अधिकारको रक्षा गर्न वा सार्वजनिक सरोकारको विवादको निरूपण गर्न रिट जारी गर्ने, सुरु मुद्दा हेर्ने, साधक जाँच्ने, दोहोर्याइ हेर्ने, पुनरावलोकन गर्ने एवम् पुनरावेदन सुन्नेसमेत अधिकार दिएको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ९ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दाको सूचीमा उच्च अदालतले सुरु कारबाही र किनारा गरेका मुद्दा, उच्च अदालतबाट १० वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा वा तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँच लाख रुपैयाँभन्दा बढी जरिवाना वा पच्चिस लाख रुपैयाँभन्दा बढी बिगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा भनी व्यवस्था गरेको देखिन्छ। यस व्यवस्थाले गर्दा सर्वोच्च अदालतमा कानूनी प्रश्नभन्दा पनि तथ्यको प्रश्न (बिगो वा जरिवाना) को आधारमा समेत पुनरावेदन लाग्ने अवस्था सिर्जना भएको छ। एकतह पुनरावेदन गर्न पाउने पक्षको अधिकारको विषय भनी अन्तर्राष्ट्रिय रूपमै स्वीकार गरिएको मान्यतालाई नेपालमा पनि स्वीकार गरिएकोले उच्च अदालतमा सुरु कारबाही र किनारा हुने

जुनसुकै प्रकारका मुद्दाहरू पनि सर्वोच्च अदालतमा पुनरावेदनको रोहमा प्रवेश पाउँदा सर्वोच्च अदालतको कार्यबोझ बढ्न पुगेको देखिन्छ। तसर्थ, क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन गरी सबै मुद्दाको सुरु कारबाही र किनारा जिल्ला अदालतबाट र धेरै मुद्दाको अन्तिम उच्च अदालत तहबाट हुने व्यवस्था गरिनु आवश्यक देखिन्छ। पुनरावेदनको अनुमति भए मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने गरी कानूनमा परिमार्जन गरिनु आवश्यक देखिएको छ। यसका साथै हालै प्रशासकीय अदालत ऐन, २०७६ जारी गरी निजामती, स्वास्थ्य, संसद्, प्रदेश, स्थानीय तह, सामुदायिक विधालयका शिक्षक तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारीहरूको विभागीय सजाय, सरुवा र बढुवाउपरको पुनरावेदन सुन्ने अधिकार प्रशासकीय अदालतलाई दिएको कारण साबिकदेखि सर्वोच्च अदालतमा दर्ता हुने गरेका कर्मचारीका सरुवा, बढुवा एवम् विभागीय कारबाहीसम्बन्धी विषयको रिटको सङ्ख्यामा कमी आउने अवस्था सिर्जना भएको छ।

## ९. मुलुकी संहिताहरूको प्रभावकारी कार्यान्वयन

समसामयिक कानूनी सुधारको आवश्यकतालाई मध्यनजर राखी न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना लागू गर्दा नै देवानी तथा फौजदारी संहिताहरूको तर्जुमा र लागू गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। रणनीतिक योजनाहरूको तर्जुमा एवम् समीक्षा र आवधिक मूल्याङ्कनका क्रममा समेत देवानी तथा फौजदारी संहिता तर्जुमाप्रति न्यायपालिकाले सरोकार दर्शाउँदै आएको थियो। न्यायपालिकाले व्यक्त गरेका यिनै सरोकारहरूसमेतको परिणामस्वरूप २०७५ साल भाद्र १ गतेदेखि लागू हुने गरी मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी भई कार्यान्वयनमा समेत आइसकेका छन्। न्याय र कानूनको क्षेत्रमा विकसित नवीनतम अवधारणा एवम् विधिशास्त्रीय मान्यताहरूलाई संहिताले आत्मसात गरेको कारण अदालतको कार्यक्षेत्रमा विस्तार भएको छ। संहिताले तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नको लागि न्यायिक जनशक्तिलाई नवीन अवधारणाका सम्बन्धमा प्रशिक्षण, अन्तर्क्रिया र गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको छ। न्याय सम्पादनको कार्य एकल प्रयासबाट मात्र सम्भव नहुने र धेरै निकाय एवम् पदाधिकारीको भूमिका हुने भएकाले त्यस्ता निकायहरूको सहयोग तथा अदालतहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको कार्यमा स्रोत साधनको व्यवस्थापनमा समेत सम्बन्धित सरोकारवाला निकायहरूले पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ।

## १०. भौतिक पूर्वाधार विकास एवं सुधार

देशभरि रहेका ७७ वटा जिल्ला अदालतहरूमध्ये इलाम, नवलपुर र पूर्वी रुकुम (रुकुमकोट) जिल्ला अदालतहरूको आफ्नो स्वामित्वको जग्गा र भवन रहेको छैन। उच्च अदालत एवम् इजलासहरूमध्ये

वीरगन्ज इजलासको लागि लामो प्रयासपश्चात् हालै मात्र जग्गा प्राप्त भएको र चिनीमिलको जीर्ण भवनबाट अदालतको कार्य सञ्चालन हुँदै आएको छ। सो अदालतको नयाँ भवन निर्माणको कार्य हुन बाँकी रहेको छ। अन्य जिल्ला तथा उच्च अदालतहरूका आफ्नै भवन भए पनि केही भवनहरू अत्यन्त जीर्ण भई कार्यसञ्चालनमा कठिनाइ सिर्जना भएको अवस्था छ। यसैगरी, अदालतहरूको कार्यबोझ बढेको आधारमा न्यायाधीशहरूको दरबन्दी बढेको तर, सो अनुपातमा अदालतहरूमा इजलास कक्ष र अन्य भौतिक पूर्वाधारको अभाव रहेको छ। न्यायाधीश एवं जनशक्तिको आवासको लागि पर्याप्त भवनहरू नभएको हुँदा न्यायाधीशको मर्यादा, गरिमा, सुरक्षा एवम् संवेदनशीलतासमेतलाई ध्यानमा राखी सर्वोच्च अदालतलगायत अन्य अदालतहरूमा कार्यरत न्यायाधीश एवं कर्मचारीहरूको आवास भवन व्यवस्थापन गर्न आवश्यक रहेको छ। नेपाल सरकारबाट सबै अदालतहरूका लागि जग्गा प्राप्ति तथा भवन निर्माण गर्ने कार्यमा सहयोगका लागि पर्याप्त ध्यान जाने अपेक्षा गरिएको छ।

यसैगरी, सर्वोच्च अदालतको भवन विक्रम संवत् २०१९ सालमा निर्माण सम्पन्न भएको थियो। हालको कार्यबोझ, कार्यप्रकृति र कार्यरत जनशक्तिसमेतका आधारमा सर्वोच्च अदालतको भवन अपुग भएको कारण नियमित कार्य सञ्चालन गर्न समस्या सिर्जना भइरहेको छ। सर्वोच्च अदालतको पूर्ण बैठकले स्वीकृत गरेको नक्सा एवम् डिजाइन अनुसार सर्वोच्च अदालतको नयाँ भवन निर्माणको कार्य अगाडी बढेको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माणको कार्यलाई अगाडि बढाउन सम्बद्ध निकायहरूबाट आवश्यक सहयोग हुने नै छ भन्ने कुरामा न्यायपालिका विश्वस्त रहेको छ।

## ११. न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग

न्यायपालिकामा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखिएको छ। सूचना प्रविधिको संस्थागत विकास र न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोगका लागि विभिन्न सफ्टवेयर निर्माणलगायत सर्भरहरूको स्थापना गरी सञ्चालनमा ल्याइएको छ। लामो समयको प्रयास स्वरूप हेटौंडामा Data Recovery Centre स्थापना गरिएको छ। स्मार्ट जुडिसियरी (SMART Judiciary) निर्माणको लक्ष्यसहित न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरूयोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ। अनलाइन मुद्दा दर्ता सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन प्राप्त गरिसकिएको छ। न्यायिक सूचनामा सहज पहुँच होस् भन्ने उद्देश्यले सर्वोच्च अदालतले मोबाइल एप्स (Mobile Apps) सञ्चालनमा ल्याएको छ। इजलासहरूमा कोर्टरुम टेक्नोलोजी (courtroom technology) को प्रयोग गरी अनलाइन एवम् भिडियो कन्फ्रेन्समार्फत बहस पैरवीको कार्य गर्ने सम्बन्धमा यस आर्थिक वर्षमा अध्ययन सम्पन्न भई पेस भएको प्रतिवेदन पूर्ण बैठकसमक्ष पेस भई अनुमोदनसमेत भइसकेको छ। कोभिड-१९ ले विभिन्न प्रतिकूल प्रभाव सिर्जना गरेको भए पनि ती चुनौतीहरूलाई न्यायपालिकाले अवसरको रूपमा बदल्दै अदालत व्यवस्थापनका विभिन्न आयामहरूमा सूचना प्रविधिको प्रयोगलाई बढाएको छ। प्रतिवेदन वर्षमा

योजनाको आवधिक समीक्षाको कार्य र ११ वटा मातहत उच्च अदालत एवम् इजलासहरूको निरीक्षणको कार्य सूचना प्रविधिको प्रयोग गरी सम्पन्न गरिएका छन्। यसैगरी सूचना प्रविधिको प्रयोग गरी सबै उच्च र जिल्ला अदालतहरूमा DCM सम्बन्धी आधारभूत तालिम सञ्चालन गरिएको थियो ।

न्यायिक काम कारबाही पूर्णरूपमा स्वचालित बनाउन मुद्दाको दर्तादेखि फैसला र फैसला कार्यान्वयनसम्मका काम कारबाहीमा सूचना प्रविधिको प्रयोग गरिनु आवश्यक देखिन्छ। यसैगरी, विद्युतीय अभिलेखको विकास गरी जुनसुकै अदालतको अभिलेख कागज अन्य अदालतबाट पनि प्राप्त गर्न सकिने गरी व्यवस्थापन गर्ने लक्ष्यका साथ न्यायपालिकाले आवश्यक तयारी गरिरहेको छ। पर्याप्त कम्प्युटर, ल्यापटप, उच्च क्षमताको इन्टरनेट, नियमित विधुत् आपूर्तिलगायतका आधारभूत पूर्वाधारहरूको सुनिश्चितता गर्दै न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरुयोजनाको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, साधन र पूर्वाधार व्यवस्थापनमा सम्बन्धित सरोकारवाला निकायबाट निरन्तर सहयोग प्राप्त हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

## १२. न्यायिक जनशक्तिहरूको क्षमता अभिवृद्धि

संस्थाको लक्ष्य एवम् उद्देश्य हासिल गर्न क्रियाशील रहने एकमात्र साधन जनशक्ति भएको तथा जनशक्तिको परिचालनमार्फत नै संस्थाका लक्ष्य एवं उद्देश्य हासिल हुने भएकाले समयानुकूल जनशक्तिको क्षमता विकास गर्नु आवश्यक छ। न्यायपालिकामा लागू गरिएका नयाँ-नयाँ पद्धति एवम् कानून प्रणालीले अवलम्बन गरेको नवीनतम अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्नको लागि जनशक्तिको क्षमता अभिवृद्धि गरिनु वान्छनीय हुन्छ। यसका साथै बदलिँदो आर्थिक, सामाजिक, राजनीतिक परिवेशसमेतका सन्दर्भमा न्यायिक विवादहरूको प्रकृति र विवादको जटिलतासमेत बढ्दै गइरहेको छ। जनशक्तिको क्षमता अभिवृद्धिको लागि उच्च शिक्षा, व्यावसायिक तालिम, अवलोकन भ्रमणलगायतका कार्यक्रमहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ। चौथो पञ्चवर्षीय रणनीतिक योजनाले प्रति वर्ष ३००० जना जनशक्तिलाई क्षमता अभिवृद्धिसम्बन्धी तालिम उपलब्ध गराउने तथा १५० जना जनशक्तिलाई वैदेशिक तालिम तथा अध्ययन अवलोकन भ्रमणको अवसर उपलब्ध गराउने भनी उल्लेख गरेको भए पनि उक्त व्यवस्थाको पूर्ण कार्यान्वयन हुन सकेको छैन । यसका साथै न्यायाधीश तथा कर्मचारीहरूलाई आवश्यक तालिम कार्यक्रमहरूको पहिचानसहित तर्जुमा गरिएको न्यायिक जनशक्तिको क्षमता विकाससम्बन्धी उच्चस्तरीय तालिम नीति अनुरूप तालिम कार्यक्रमहरूसमेत बजेटको कमीलगायतका कारण सञ्चालन हुन नसकेको हुँदा आगामी दिनमा रणनीतिक योजनाले निर्धारण गरेबमोजिमको जनशक्तिलाई क्षमता अभिवृद्धिसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्नको लागि नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त हुने न्यायपालिकाले अपेक्षा गरेको छ।

## १३. स्थानीय तहको न्यायिक समितिको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण

पुनरावेदन सुन्ने अदालतहरूबाट मातहतको अदालत वा न्यायिक वा अर्धन्यायिक निकायको निरीक्षण गर्ने कार्य न्यायपालिकाभित्र सुव्यवस्थित एवम् संस्थागत हुँदै गएको छ। यस प्रकारका निरीक्षणले न्यायिक कार्य गर्दा कानूनले निर्धारण गरेका न्यूनतम कार्यविधिगत व्यवस्था एवम् निर्धारित मापदण्ड वा मान्यताको पालना भए नभएको सम्बन्धमा वस्तुनिष्ठ जानकारी प्राप्त हुन सक्छ। अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन सकेमा न्यायिक काम कारबाहीमा गुणस्तरीयता कायम गर्नसमेत सहयोग पुग्दछ। यसबाट अन्ततः सेवाग्राहीहरूको सन्तुष्टि अभिवृद्धि हुन जान्छ। संविधानको धारा २१७ ले कानूनबमोजिम आफ्नो अधिकारक्षेत्रभित्रका विवाद निरूपण गर्न स्थानीय निकायमा न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ ले न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था गरेको छ। पुनरावेदन सुन्ने निकायको हैसियतले जिल्ला अदालतहरूले स्थानीय तहको न्यायिक समितिको समेत निरीक्षण गर्ने गरेको भए पनि न्यायिक समितिहरू राजनीतिक प्रकृतिको संयन्त्र भएकाले जिल्ला अदालतबाट हुने अनुगमन तथा सुपरिवेक्षण/ निरीक्षणको कार्यले कतिपय अवस्थामा वाञ्छित प्रभावकारिता दिन नसकेको अवस्थासमेत विद्यमान छ। संविधानको विभिन्न धारामा स्थानीय स्तरमा न्यायिक निकाय, न्यायिक समिति वा स्थानीय अदालत भन्ने शब्द उल्लेख भएको अवस्थाबाट त्यस प्रकारका निकाय वा संरचनाहरूको भूमिका र क्षेत्राधिकारका विषयमा समेत अन्यौलताहरू देखिएको हुँदा स्थानीय न्यायिक निकाय एवम् स्थानीय अदालतको स्थापना, संरचना तथा क्षेत्राधिकारको सम्बन्धमा अध्ययन हुन आवश्यक देखिएको छ। अदालतहरूबाट अर्धन्यायिक निकायहरूको समेत निरीक्षण गरी निर्देशन दिने कानूनी व्यवस्थाबमोजिम निरीक्षण भई निर्देशनहरूसमेत दिने गरेको भए पनि त्यस्ता निर्देशनहरूको कार्यान्वयन हुने सुनिश्चितता नभएमा त्यसप्रकारका निरीक्षणहरू औपचारिकतामा मात्र सीमित हुने भएकोले सम्बद्ध निकायहरूको सो सम्बन्धमा आवश्यक संवेदनशीलता र कार्यान्वयनको स्पष्ट प्रतिबद्धता आवश्यक छ।

## १४. मेलमिलाप पद्धतिको प्रभावकारिता

नेपालको न्यायपालिकामा मेलमिलाप पद्धतिलाई संस्थागत गर्न सर्वोच्च अदालतले वि.सं. २०६० सालमा अदालतहरूमा मेलमिलाप पद्धति लागू गर्न आवश्यक कानूनी व्यवस्था गरेको थियो। मेलमिलाप पद्धतिलाई प्रभावकारी बनाउन मेलमिलाप कार्य सञ्चालन निर्देशिका, २०६३ जारी गरी तीनै तहका अदालतहरूमा मेलमिलाप केन्द्रको स्थापनासमेत गरिएको थियो। नेपाली समाजमा सदियौंदेखि विभिन्न स्वरूपमा प्रचलनमा रहेको मेलमिलाप पद्धतिलाई समेत समेट्ने उद्देश्यका साथ छाता ऐनको रूपमा मेलमिलापसम्बन्धी ऐन, २०६८ र मेलमिलापसम्बन्धी नियमावली, २०७० जारी भई कार्यान्वयनमा आएका छन्। यसरी मेलमिलाप पद्धतिलाई प्रभावकारी बनाउनको लागि विभिन्न प्रयासहरू हुँदाहुँदै पनि

मेलमिलाप प्रक्रियामा मुद्दा पठाउने र सो प्रक्रियाबाट विवाद समाधान भएका मुद्दाहरूको औसत सङ्ख्या ज्यादै नै न्यून रहेको हुँदा यस पद्धतिलाई थप प्रभावकारी बनाउन थप कार्य गर्नुपर्ने देखिएको छ। सबै अदालतहरूमा मेलमिलाप हुनसक्ने प्रकृतिका मुद्दाको सङ्ख्या ८५,८३१ रहेकोमा जम्मा १८,९२८ अर्थात् २२.०५ प्रतिशत मुद्दा मात्रै मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाएको र जम्मा २,८३७ थान अर्थात् २१.४५ प्रतिशत मात्रै मुद्दा सफल भएको देखिन्छ। यसरी हेर्दा मेलमिलापको लागि पठाएको मुद्दा सङ्ख्या र मेलमिलापबाट समाधान भएका मुद्दाको सङ्ख्याको औषत ज्यादै नै न्यून रहेको देखिएको छ। तसर्थ, मेलमिलाप प्रक्रियालाई थप प्रभावकारी बनाई विवादको दिगो समाधानका लागि उपयुक्त विधि र प्रक्रियासहित हालको मेलमिलाप पद्धतिमा पुनरावलोकन हुनुपर्ने अनुभूति भएको छ । प्रतिवेदन वर्षमा न्यायाधीश सम्मिलित मेलमिलाप पद्धति अवलम्बन सम्बन्धमा गरिएको सम्भाव्यता अध्ययनले मेलमिलाप पद्धतिलाई प्रभावकारी बनाउने हो भने स्वच्छ सुनुवाइको मान्यतामा आँच नआउने गरी न्यायाधीश सम्मिलित मेलमिलाप पद्धतिको अभ्यास गर्न सुझाएको देखिँदा उक्त अध्ययन प्रतिवेदनले औंल्याएका सुझावहरूसमेतको कार्यान्वयन गर्दै मेलमिलाप पद्धतिको थप प्रभावकारिताका लागि सम्बन्धित सबैको सकारात्मक सहयोगको अपेक्षा गरिएको छ।

## १५. बाल न्याय प्रणालीको प्रवर्धन

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकको प्रत्याभूति गरी बाल अनुकूलको न्याय प्रदान गरिने कुराको सुनिश्चितता गरेको देखिन्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर न्याय प्रणाली सञ्चालन गरिनुपर्ने मार्गदर्शन गरेको छ। सोबमोजिम ऐनको दफा ३० ले बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा गर्न बाल अदालतको गठन गर्न सक्ने व्यवस्था गरेको भए तापनि हालसम्म छुट्टै बाल अदालतको स्थापना भएको छैन। बाल अदालतको गठन नभएसम्मको लागि प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञसहितको बाल इजलास गठन गर्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ ले गरेको छ। साथै, ऐनको दफा ३४ ले बालबालिका संलग्न मुद्दाको सुनुवाइ बालमैत्री वातावरणमा गर्ने व्यवस्था गरेको छ। बालन्याय प्रणालीले सो अनुकूलको विशिष्ट न्याय सम्पादन प्रक्रिया खोज्दछ। बालबालिकालाई सकेसम्म औपचारिक न्यायिक प्रक्रियामा नल्याई दिशान्तर गर्नुपर्ने मान्यतालाई प्राथमिकतामा राखिएको छ। औपचारिक न्याय प्रणालीमा ल्याउन परेपनि अनुसन्धान, अभियोजन एवम् न्याय सम्पादनका जुनसुकै चरणमा पनि दिशान्तर गर्न सकिने तथा बालबालिकाप्रति फरक एवं बाल अनुकूलको व्यवहार गर्नुपर्ने हुन्छ। कानूनी एवं नीतिगत रूपमा बालन्याय प्रणालीलाई स्वीकार गरिएको भएतापनि अनुसन्धान, अभियोजन र मुद्दा सुनुवाइको चरणमा समेत बाल न्याय प्रणाली अनुरूपका पूर्वाधार तयार हुन सकेको छैन भने पर्याप्त मात्रामा साधन स्रोतको उपलब्धतासमेत नहुँदा

कानूनले निर्धारण गरेका कार्यविधि एवम् प्रक्रिया पनि पूरा गर्न कठिनाइ भएको अनुभव गर्ने गरिएको छ। यसैगरी, ऐनले बालबालिकाको उमेर अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल १६ वर्षबाट बढाएर १८ वर्ष कायम गरेपछि बालबालिका पक्ष भएका मुद्दाहरूको सङ्ख्या उल्लेख्य मात्रामा बढेको अवस्था छ। त्यसका साथै बालबालिका संलग्न भएका मुद्दाहरूको प्रकृतिमा समेत वृद्धि भएको देखिन्छ।

बाल न्याय प्रणालीलाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्नको लागि बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ लागू भएको छ। बाल न्यायको सम्पादन बाल इजलासबाट हुने भए पनि यस प्रणालीभित्र विभिन्न मन्त्रालय, निकाय, संस्था एवं सुधार गृहसमेतको भूमिका हुने भएकाले सबैलाई समन्वयात्मक ढङ्गबाट समेटेर अगाडि बढ्न सकेमा मात्र बाल न्याय प्रणालीको प्रभावकारिता अभिवृद्धि हुने हुँदा केन्द्रीय बाल न्याय समितिले सोको लागि विभिन्न प्रयासहरू गरेको देखिन्छ।

पीडित बालबालिकाको अधिकारहरूको सुनिश्चितता पनि बाल न्याय प्रणालीको एक महत्त्वपूर्ण पक्षको रूपमा ऐनले समेटेको हुँदा सरोकारवाला निकायले भौतिक पूर्वाधारको विकास गर्दा होस् वा न्याय प्रणाली सञ्चालन गर्दा बालबालिका मैत्री बनाउन जरुरी देखिन्छ। नवीनतम अवधारणाको रूपमा पुनर्स्थापकीय न्याय प्रद्धतिलाई बाल न्याय सम्पादनको क्रममा प्रयोगमा ल्याउने ऐनको उद्देश्य रहेको हुँदा पुनर्स्थापकीय न्यायसम्बन्धी निर्देशिका बनाउन जरुरी देखिन्छ। दिशान्तर पद्धतिको सन्चालनको लागि सोसम्बन्धी निकाय वा संस्थाहरूको स्थापना गरी दिशान्तर गरिएका बालबालिकाहरूको व्यवस्थापन गरिनुपर्ने हुन्छ।

## १६. विशिष्टीकृत अदालत तथा न्यायाधिकरण

नेपालको संविधानको धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न संघीय कानूनबमोजिम विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। हाल विशेष अदालत, श्रम अदालत, राजस्व न्यायाधिकरण, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, ऋण असुली न्यायाधिकरण र ऋण असुली पुनरावेदन न्यायाधिकरण स्थापना र सञ्चालनमा रहेका छन्। विशेष प्रकृतिका मुद्दाहरूको सुरु कारबाही तथा किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले सम्पादन गर्ने उद्देश्यले उल्लिखित विशिष्टीकृत अदालतहरू र न्यायाधिकरणहरूको स्थापना गरी सञ्चालनमा ल्याइएको छ। तर, विशिष्टीकृत अदालत एवम् न्यायाधिकरणहरूको कार्यप्रगति हेर्दा सोचे अनुसारको फछ्र्यौट नदेखिएको हुँदा स्थापना गर्दाको उद्देश्य हासिल गर्नेतर्फ विशिष्टीकृत अदालत एवम् न्यायाधिकरणहरूमा कार्यरत जनशक्तिको यथेष्ट ध्यान पुग्न आवश्यक देखिन्छ।

हाल सञ्चालनमा रहेका यसप्रकारका विशिष्टीकृत अदालत तथा न्यायाधीकरणहरूको लागि जनशक्ति व्यवस्थापन, सेवा प्रवाहका लागि पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था तथा स्रोत साधनको व्यवस्थापन हुन सकेको छैन। कतिपय अदालत तथा न्यायाधीकरणहरूको लागि स्थायी जनशक्ति, जग्गा तथा

भवनहरूको उचित व्यवस्थापन हुन सकेको छैन। नियमित न्यायिक संरचना अन्तर्गतका अदालतहरूमा रहेको दरबन्दीमा कार्यरत न्यायाधीशहरूबाट तदर्थरूपमा सेवा प्रवाह हुँदै आएको छ। बजेट व्यवस्थापन, सफ्टवेयरहरूको सञ्चालन, अन्य मेसिनरी तथा सवारी साधनहरूको व्यवस्थापनमा समस्या देखिएको छ।

विशिष्टीकृत अदालत तथा न्यायाधीकरणहरूको सेवा प्रवाहका भौतिक पूर्वाधारको व्यवस्था, स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण, आवश्यक कार्यविधिको तर्जुमा, त्यस्ता विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको नियमित अनुगमन र सुपरिवेक्षण गर्नेलगायतका पक्षहरूको सम्बोधनका लागि नेपाल सरकारलगायत सम्बन्धित निकायबाट चासो, सरोकार र समन्वयसहित सहयोगको अपेक्षा गरिएको छ।

## १७. न्यायाधीश र न्यायिक जनशक्तिको सुविधा र उत्प्रेरणा

न्यायपालिकामा कार्यरत जनशक्तिको कामको प्रकृति र कार्यबोझ कार्यालयको नियमित समयमा मात्र गरेर सम्पन्न गर्न सकिने किसिमको हुँदैन। कार्यालय समयमा इजलासमा बसेर फैसला एवम् आदेश गर्नुपर्ने र त्यसप्रकारका फैसला वा आदेशको तयारी बिहान बेलुका घरमा समेत गर्नुपर्ने अवस्था रहन्छ। न्यायाधीश पदको जिम्मेवारीले गर्दा बिहान बेलुकाको समयसमेत अदालतको काममा खट्न पर्ने तथा अन्य प्रकारका कार्यमा संलग्नतालाई व्यावसायिक आचार संहिताले निषेध गरेको अवस्था छ। न्यायाधीशलाई इजलासमा बसेर न्याय सम्पादन गरिरहँदा आर्थिक अभावको चिन्ताले न्यायमा विचलन नआओस् भन्ने मान्यताबाट अन्य सरकारी पदाधिकारीभन्दा उच्चस्तरको सुविधा उपलब्ध गराइने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ। नेपालको सन्दर्भमा न्यायाधीशहरूको सेवा सुविधालाई उल्लिखित मान्यता अनुरूप बनाउन नसकेको कारण न्यायाधीशहरूको मनोबल उच्च बनाउन नसकिएको अवस्था छ। तसर्थ, अन्तर्राष्ट्रिय मापदण्ड एवम् असल अभ्याससमेतको आधारमा न्यायाधीशहरूको पारिश्रमिक निर्धारण गर्नको लागि एक स्वतन्त्र Judicial Pay Commission गठन गर्न र न्यायपालिकामा कार्यरत जनशक्तिको सेवा सुविधाको समेत उपयुक्त स्तर निर्धारण गर्न आवश्यक देखिएको छ। यस प्रकारको अध्ययन र सिफारिसको कार्यान्वयन गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै निकायको सहयोग प्राप्त हुने छ भन्नेमा न्यायपालिका विश्वस्त रहेको छ।

## १८. न्यायिक कोष ऐन, २०४३ को कार्यान्वयन

न्यायिक कोष ऐन, २०४३ मिति २०६५।०२।१५ गतेदेखि लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको भए पनि यो ऐन व्यवहारत कार्यान्वयनमा आउन सकेको छैन। न्यायलयका लागि छुट्याइएको बजेट अपर्याप्त रहेको अवस्थामा आफैंसँग धरौटी खातामा रहेको (प्रतिवेदन वर्षसम्ममा ८ अरब ९० करोड ५० लाख ६१ हजार ४३४ रुपियाँ ७५ पैसा रहेको) रकमको परिचालन गर्नु सान्दर्भिक र उपयोगी हुन सक्दछ। न्यायिक कोष ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेमा अदालतमा

रहेका यस किसिमका धरौटी रकमको उपयोग हुन सक्ने र न्यायिक कोषमा रहेको रकमको परिचालनले न्यायपालिकाको स्वायत्तताको प्रयासमा मद्दत पुग्ने एवम् हालको बजेट अभावको अवस्थालाई केही हदसम्म सम्बोधन गर्न सकिने हुन्छ। ऐनबमोजिम कोषको रकम अदालतका भवन, न्यायाधीश तथा कर्मचारीको आवास भवन निर्माण वा मर्मत सम्भारलगायत जग्गा खरिद तथा न्यायिक जनशक्तिलाई प्रोत्साहित गर्नका लागि मौद्रिक उत्प्रेरणाको व्यवस्था गर्न र अन्य न्यायिक कार्यमा प्रयोग गर्न सकिने छ। न्यायिक कोषको व्यवस्थापन र प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको ध्यान जाने छ भन्नेमा न्यायपालिका विश्वस्त रहेको छ।

## १९. कानूनी शिक्षाको गुणस्तरीयता अभिवृद्धि

न्यायपालिकाको कार्यसम्पादनको गुणस्तर अभिवृद्धिमा विश्वविधालय एवम् अनुसन्धान केन्द्रलगायतका संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। कानूनी शिक्षाको गुणस्तरमा यदाकदा प्रश्न उठ्ने गरेकोले गुणस्तरीयता कायम गर्नेतर्फ सम्बन्धित सबैको ध्यान जानुपर्ने देखिन्छ। विश्वविद्यालयबाट कानूनको उच्च शिक्षा हासिल गरेका जनशक्तिहरूबाट नै न्याय र कानून क्षेत्रको उन्नयन हुने भएकाले अनुसन्धानमूलक गुणस्तरीय कानूनी शिक्षा प्रदान गर्नु आवश्यक छ। कानूनी जनशक्तिको आपूर्तिकर्ता निकाय र जनशक्तिको उपयोग गर्ने निकायबिचको समन्वय, संवाद र आवश्यक पहल कदमीको अभाव महसुस गरी प्रतिवेदन वर्षमा सर्वोच्च अदालतको पहलमा उच्च माध्यामिक तथा विश्वविद्यालय तहमा अध्यापन हुने कानून संकायको पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नका लागि तत् तत् निकायका प्रतिनिधिहरूसमेतको संलग्नतामा अध्ययन समिति गठन भई सो समितिबाट प्राप्त प्रतिवेदन आवश्यक कार्यान्वयनको लागि सम्बन्धित विश्वविद्यालयहरू एवम् निकायहरूमा पठाइएको छ। कानून गतिशील विषय भएको हुँदा यस क्षेत्रमा समय समयमा भइरहने परिवर्तनलाई आत्मसात गरी अगाडि बढ्न सक्नुपर्ने हुन्छ। नेपालको कानून प्रणालीमा संहिताहरूमार्फत प्रवेश पाएका नवीनतम अवधारणाहरूको बारेमा विश्वविद्यालय तहमा प्रचूर र प्रभावकारी ढङ्गबाट अध्ययन अध्यापन हुन आवश्यक देखिएको छ। यसका लागि नेपाल सरकारलगायत सम्बन्धित विश्वविद्यालयहरूको पर्याप्त ध्यान जाने छ भन्ने कुरामा न्यायपालिका आशावादी रहेको छ।

## २०. विकृतिविहीन न्यायपालिकासम्बन्धी अध्ययन समिति गठन

चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायिक सुशासनको प्रवर्धन गर्ने लक्ष्य लिएको छ। न्यायिक सुशासन प्रवर्धन गर्ने उद्देश्य अन्तर्गत न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गतिको नियन्त्रण अत्यावश्यक रहेको सन्दर्भमा यससम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरूसमेत अध्ययन गरी विकृति, विसङ्गति, अनियमितता तथा विचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि चाल्नुपर्ने कानूनी, संरचनागतलगायत उपयुक्त र प्रभावकारी उपायहरू सुझाउन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री

हरिकृष्ण कार्कीको संयोजकत्वमा माननीय न्यायाधीश श्री प्रकाशमान सिहं राउत, न्याय परिषद्का माननीय सदस्य श्री लक्ष्मीबहादुर निराला, सर्वोच्च अदालतका रजिस्ट्रार, नायब महान्यायधिवक्ता, नेपाल बार एसोसियसनका अध्यक्ष र महासचिव, सर्वोच्च अदालत बार एसोसियसनका अध्यक्ष र सचिव सदस्य र सर्वोच्च अदालत प्रशासन महाशाखा प्रमुख सदस्य सचिव रहेको उच्चस्तरीय अध्ययन समिति गठन भई कार्य प्रारम्भ गरिसकेको छ। यस समितिको अध्ययनपश्चात् तयार हुने प्रतिवेदनमा समेटिने सुझावहरूको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायको सहयोग अपेक्षित रहेको छ।

## २१. स्वचालित पेसी व्यवस्थापनसम्बन्धी अध्ययन समिति

चौथो पञ्चवर्षीय रणनीतिक योजनाले मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने लक्ष्य राखुका साथै मुद्दाको कारबाहीलाई सूचना प्रविधिसँग आबद्ध गर्ने उद्देश्य राखेको छ। यसै सन्दर्भमा यसअगाडि स्वचालित पेसी प्रणाली लागू गर्ने सम्बन्धमा पूर्व अध्ययन प्रतिवेदनहरू समेतको अध्ययन गरी यस पद्धतिको कार्यान्वयनको सम्भाव्यतासहितको प्रतिवेदन पेस गर्नको लागि सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीको संयोजकत्वमा माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ, सर्वोच्च अदालतका रजिस्ट्रार, नायव महान्यायाधिवक्ता, नेपाल बार एसोसिएसनका अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष सदस्य र सूचना प्रविधि महाशाखाका सह रजिस्ट्रार सदस्य सचिव रहेको अध्ययन समिति गठन भई कार्य प्रारम्भ भइसकेको छ। समितिको अध्ययनपश्चात् तयार हुने प्रतिवेदनमा समेटिने सुझावहरूको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायको सहयोग अपेक्षित रहेको छ।

## २२. दिगो विकासका लक्ष्यहरू (SDGs) र न्यायपालिका

संयुक्त राष्ट्र संघको तत्वाधानमा साबिकमा कार्यान्वयनमा रहेको Millennium Development Goals को अवधि समाप्त भएपछि सन् २०१६ देखि २०३० सम्मको लागि विभिन्न १७ वटा लक्ष्यसहितको sustainable development goals (SDGs) जारी भई कार्यान्वयनमा रहेका छन्। उक्त लक्ष्यहरूमध्ये लक्ष्य १६ न्यायपालिका एवम् न्याय प्रणालीसँग सम्बन्धित रहेको छ। जसअनुसार, सदस्यराष्ट्रहरूमा सन् २०३० सम्ममा सबै किसिमका हिंसाको उल्लेख्य मात्रामा कमी, बालबालिकाउपरका सबै किसिमका शोषण, बेचबिखन, दुरूपयोग तथा यातनाको अन्त्य, राष्ट्रिय एवम् अन्तराष्ट्रिय तहमा कानूनको शासनको प्रवर्धन गरी न्यायमा सबैको पहुँच स्थापित गर्ने, सबै किसिमका सङ्गठित अपराधहरूको सङ्ख्यामा उल्लेख्य मात्रामा नियन्त्रण, भ्रष्टाचार र घुसखोरीमा उल्लेख्य मात्रामा कमी आउने, सबै तहमा जवाफदेही, पारदर्शी एवं प्रभावकारी संस्थाको विकास हुने, निर्णय निर्माण तहमा समावेशीता एवम् सहभागिताको सुनिश्चितता, राष्ट्रिय कानून तथा अन्तराष्ट्रिय सम्झौता अनुसार सार्वजनिक सूचनामा पहुँच तथा स्वतन्त्रताहरूको उपभोगको सुनिश्चितता, अन्तर्राष्ट्रिय सहयोगमार्फत विकासशील राष्ट्रका अपराध तथा आतङ्ककारी

क्रियाकलापहरू रोकथाम गर्ने संयन्त्रहरूको सुदृढिकरण र भेदभावरहित कानून एवं नीतिको कार्यान्वयन गरी दिगो विकासको लक्ष्य हासिल गर्नेसमेतका क्रियाकलापहरू सम्पन्न गर्नुपर्ने देखिन्छ। उपर्युक्त क्रियाकलापहरूको कार्यान्वयन गर्ने सन्दर्भमा राज्यका सबै निकायहरूको समन्वयात्मक क्रियाशीलता आवश्यक पर्ने र न्याय प्रणालीलाई सुदृढ बनाई न्यायमा सबैको सहज पहुँच अभिवृद्धि गर्ने कार्यमा सम्बद्ध निकायहरूको सकारात्मक सहयोग आवश्यक छ।

## २३. अभिलेख मिसिलको वैज्ञानिक व्यवस्थापन

हाल देशभरका अदालतहरूमा ३५ लाख ६९ हजार ४९४ थान मुद्दाका अभिलेख मिसिलहरू रहेका छन्। अभिलेखमा रहेका मिसिल कागजातहरू पक्षहरूको हक अधिकार निर्धारण गर्ने महत्त्वपूर्ण कानूनी दस्तावेजहरूको रूपमा रहन्छन्। अदालतहरूमा अभिलेख व्यवस्थापन हालसम्म परम्परागत पद्धतिमा आधारित भई हुँदै आएको छ। वैज्ञानिक ढङ्गले अभिलेख रहेका मिसिलको व्यवस्थापन गर्नको लागि प्रतिवेदन वर्षमा अभिलेख व्यवस्थापनसम्बन्धी नयाँ सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। अभिलेख मिसिलको स्क्यान गरी सफ्टवेयरमा प्रविष्टि गर्ने उद्देश्यले आधुनिक स्क्यान मेसिनहरूको खरिद भई हाल ३३ वटा अदालतहरुबाट यस कार्यको प्रारम्भसमेत गरिसकिएको छ। यस कार्यलाई सबै अदालतहरूमा विस्तार र सञ्जालको निर्माण गर्न जरुरी देखिन्छ। यसका साथै अभिलेख व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन केन्द्रमा केन्द्रीय अभिलेखालयको र सबै प्रदेशमा एक एकवटा प्रदेशस्तरीय अभिलेखालयको स्थापना गरी सम्पूर्ण अदालतहरूको अभिलेख मिसिलको वैज्ञानिक ढङ्गले व्यवस्थापन गरी सबै अदालतहरूको अभिलेखको कागजात उक्त अभिलेखालयमा राख्ने प्रबन्ध गरी जुनसुकै अदालतको अभिलेख कागजातको नक्कल सेवाग्राहीहरूले जहाँसुकैको अदालतहरूबाट एवम् अभिलेखालयबाट क्षणभरमै प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्ने लक्ष्यका साथ न्यायपालिकाले अगाडि बढाएको सुधारको अभियानमा सबैको सकारात्मक सहयोग र समन्वय प्राप्त हुने अपेक्षा गरीएको छ।

## २४. कोभिड-१९ ले मुद्दा फछ्र्यौट र योजना कार्यान्वयनमा पारेको प्रभाव

आर्थिक वर्ष २०७६/०७७ चौथो पन्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको पहिलो वर्षको रूपमा रहेको र यस आर्थिक वर्षलाई जिल्ला र उच्च अदालत तहमा फरक मुद्दा व्यवस्थापन (DCM) पद्धति लागू गर्ने पूर्व तयारी वर्षको रूपमा लिईएको हुँदा सबै अदालतहरूमा पुराना मुद्दाको फछ्र्यौटको कार्यलाई प्रभावकारीरूपमा अगाडि बढाइएको अवस्था थियो। वि.सं.२०७६ साउन देखि फागुन सम्मको तथ्याङ्क हेर्दा सर्वोच्च अदालतले फागुनसम्मको लक्ष्यको ७१.५६ प्रतिशत, उच्च अदालतहरूले ११०.४७ प्रतिशत र जिल्ला अदालतहरूले ८३.३९ प्रतिशत गरी सबै अदालतहरूले फछ्र्यौट लक्ष्यको औषतमा ८७.१५ प्रतिशत प्रगति हासिल गरिसकेको अवस्था थियो। तर, चैत्र महिनादेखि देशभरि कोभिड-१९ को प्रभावको कारण अदालतले आफ्नो कार्यमा सङ्कुचन ल्याउनु परेको हुँदा मुद्दाको फछ्र्यौटमा उल्लेख्य असर

परेको छ। अघिल्लो आर्थिक वर्षमा जिल्ला अदालतहरूको मुद्दा तथा रिटको फछ्र्यौट लक्ष्य ९५,४७६ थान रहेकोमा ९३,८१९ थान अर्थात् ९८.२६ प्रतिशत लक्ष्य हासिल भएकोमा प्रतिवेदन वर्षमा १,१६,८५८ थान लक्ष्य रहेकोमा ६२,३५२ थान अर्थात् ५३.३५ प्रतिशत लक्ष्य हासिल भएको देखियो। यसैगरी अघिल्लो आर्थिक वर्षमा सबै उच्च अदालतहरूको मुद्दा तथा रिटहरूको फछ्र्यौट लक्ष्य २८,९१६ थान रहेकोमा ३०,८०१ थान अर्थात् १०६.५२ प्रतिशत लक्ष्य हासिल भएकोमा प्रतिवेदन वर्षमा ३०,२४२ थान फछ्र्यौट लक्ष्य निर्धारण गरिएकोमा २३,१९१ थान अर्थात् ७६.६८ प्रतिशत मात्र लक्ष्य हासिल भएको देखिन्छ। सर्वोच्च अदालतको मुद्दा तथा रिटको फछ्र्यौटको हकमा भने कोभिड-१९ को प्रभावका बावजुद आर्थिक वर्ष २०७५/०७६ मा कूल फछ्र्यौट भएको मुद्दा सङ्ख्या ९,१९३ रहेकोमा आर्थिक वर्ष २०७६/०७७ मा ९,६९३ फछ्र्यौट भई अघिल्लो आर्थिक वर्ष भन्दा ५०० थान मुद्दा तथा रिट बढी फछ्र्यौट भएको देखिन्छ। पुराना मुद्दाहरूको फछ्र्यौटलाई प्राथमिकता दिने उद्देश्य अनुसार माघ महिनादेखि दुईवटा पेसीसूची प्रकाशन गरी बिहानको पहिलो पेसी सूचीमा निवेदन तथा अन्तरिम आदेश छलफललगायतका विषयहरू रहने तथा दोस्रो पेसी सूचीमा पुराना मुद्दाहरूलाई प्राथमिकता दिई सुनुवाइ व्यवस्थापन गरिएको र त्यसबाट फागुन महिनामा मासिक लक्ष्य भन्दा बढी मुद्दा फछ्र्यौट हुन सकेको थियो।

कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण नियन्त्रणमा आउने अवस्थाको आँकलन गर्न नसकिएको परिस्थितिमा आर्थिक वर्ष २०७७/०७८ मा पनि वार्षिक कार्य योजनाले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्न निकै चुनौतीपूर्ण रहेको देखिन्छ। सूचना प्रविधिको प्रयोगलगायत उपयुक्त विकल्पहरूको प्रयोगमार्फत अदालतहरूको कामकारबाही नियमित रूपमा सञ्चालन गर्न सबै अदालतहरूमा सूचना प्रविधिसम्बन्धी उपकरणहरूको प्रबन्ध गर्नुपर्ने देखिन्छ। यसका लागि थप स्रोत आवश्यक पर्ने हुँदा सोको व्यवस्थापनको लागि नेपाल सरकार एवम् सम्बन्धित सरोकारवालाहरूको सकारात्मक सहयोग आवश्यक छ ।

अन्त्यमा, न्यायपालिकाले आत्मसात् गरेका सुधारका प्रक्रिया र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन। सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै यी विषयहरूको सम्बोधन हुन सक्दछ भन्ने कुरामा न्यायपालिका विश्वस्त छ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। न्याय प्रणालीको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्गी रूपमा हेरिनु हुँदैन। न्याय सम्पादनको विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वय अपरिहार्य रहन्छ। सरोकारवालाहरू बीच सहयोग र समन्वयको क्षेत्र पहिचान गरी समय समयमा आपसी छलफल र परामर्शसमेत हुने गरेबाट परस्पर सहयोग र समन्वयको अवस्था सुदृढ हुँदै गएको महसुस पनि भएको छ। तथापि,

यसलाई अझबढी परिणाममुखी वा उद्देश्यमूलक बनाउने र कार्यान्वयनको तहमा पुऱ्याउने कार्यमा सम्बन्धित सबैको थप प्रतिबद्धता र क्रियाशीलता आवश्यक छ।

वर्तमान संविधान र प्रचलित कानूनबमोजिमको दायित्व वहन गर्न सक्षम बनाउन स्वतन्त्र न्यायपालिकासम्बन्धी स्थापित मूल्य मान्यतासमेतको अनुकूल हुने गरी आवश्यक स्रोत साधन उपलब्ध हुनुपर्दछ । अदालतहरूको बढ्दो कार्यबोझ, फैसला कार्यान्वयन, फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयन, न्याय सम्पादनमा सूचना प्रविधिको अधिकतम उपयोग, संहिता कानूनहरूको प्रभावकारी कार्यान्वयन, सर्वोच्च अदालतको भवन निर्माण, न्यायाधीश तथा कर्मचारीहरूको क्षमता विकास, न्यायिक कोषको परिचालन, कानूनी शिक्षाको गुणस्तर अभिवृद्धि, अभिलेखको वैज्ञानिक व्यवस्थापन, न्यायमा पहुँच वृद्धि, कोभिड-१९ को प्रभावलाई न्यूनीकरणलगायत चौथो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनमा न्यायपालिकाले व्यक्त गरेको धारणा, अपेक्षा र सरोकारप्रति नेपाल सरकारलगायत सम्बन्धित सबै सरोकारवालाको सहयोग, सहकार्य र समन्वय थप प्रभावकारी हुनुका साथै न्यायिक काम कारबाहीमा क्रियाशील न्यायाधीश तथा कर्मचारीसमेतबाट सकारात्मक भूमिका निर्वाह हुने छ भन्ने विश्वास गरिएको छ।

***सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन वेवसाइटमा राखीसकिएको हुँदा सो सम्बन्धी विस्तृत विवरण www.supremecourt.gov.np मा हेर्न सकिने छ।***